# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः ९५ | निर्णय मितिः२०८१/१२/२१ |
|---|---|

## निर्णय नः १०८

**विषयः आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग गर्ने आधार, ढाँचा र तथ्याङ्कको स्रोत सम्बन्धमा।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ न्यूनतम वित्तीय समानीकरण अनुदान गणनाको लागि देहाय बमोजिम जनसङ्ख्या र क्षेत्रफललाई आधार लिने।

**(क) जनसङ्ख्याको आधारः** जनसङ्ख्या वर्गीकरणको आधारमा हस्तान्तरण हुने न्यूनतम अनुदान देहाय बमोजिम कायम गर्ने।

| क्र.सं. | जनसङ्ख्याको वर्गीकरण | प्राप्त गर्ने रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०,००० भन्दा कम | ८०० |
| २ | १०,००० देखि २०,००० भन्दा कम | ८८० |
| ३ | २०,००० देखि ३०,००० भन्दा कम | ९६० |
| ४ | ३०,००० देखि ४०,००० भन्दा कम | १०४० |
| ५ | ४०,००० देखि ५०,००० भन्दा कम | ११२० |
| ६ | ५०,००० देखि ६०,००० भन्दा कम | १२०० |
| ७ | ६०,००० देखि ७०,००० भन्दा कम | १२८० |
| ८ | ७०,००० देखि ८०,००० भन्दा कम | १३६० |
| ९ | ८०,००० देखि ९०,००० भन्दा कम | १४४० |
| १० | ९०,००० देखि १,००,००० भन्दा कम | १५२० |
| ११ | १,००,००० देखि १,१०,००० भन्दा कम | १६०० |
| १२ | १,१०,००० देखि १,२०,००० भन्दा कम | १६८० |
| १३ | १,२०,००० देखि १,३०,००० भन्दा कम | १७६० |
| १४ | १,३०,००० देखि १,४०,००० भन्दा कम | १८४० |
| १५ | १,४०,००० देखि १,५०,००० भन्दा कम | १९२० |
| १६ | १,५०,००० देखि १,६०,००० भन्दा कम | २००० |
| १७ | १,६०,००० देखि १,७०,००० भन्दा कम | २०८० |
| १८ | १,७०,००० देखि १,८०,००० भन्दा कम | २१६० |
| १९ | १,८०,००० देखि १,९०,००० भन्दा कम | २२४० |
| २० | १,९०,००० देखि २,००,००० भन्दा कम | २३२० |
| २१ | २,००,००० वा सो भन्दा बढी | २४०० |

**(ख) क्षेत्रफलको आधारः** क्षेत्रफल वर्गीकरणको आधारमा हस्तान्तरण हुने न्यूनतम अनुदान देहाय बमोजिम कायम गर्ने।

| क्र.सं. | क्षेत्रफलको वर्गीकरण | प्राप्त गर्ने रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०० वर्ग कि.मि. सम्म | ४५० |
| २ | १०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म | ६७५ |
| ३ | २०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म | ९०० |
| ४ | ३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म | ११२५ |
| ५ | ४०० वर्ग कि.मि. भन्दा बढी | १३५० |

**१.२** कार्यसम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदानको लागि प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम गरिएको स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन नतिजाको प्रयोग गर्ने। कार्य सम्पादनमा आधारित अनुदानका लागि प्रदेश सरकारले सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्न भनि छुट्ट्याइएको कुल वित्तीय समानीकरण अनुदानको चार प्रतिशत हुने गरी गणना गर्ने।

**१.३** सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको लागि देहाय बमोजिम आधार (सूचक) र ढाँचा (भार) निर्धारण गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार प्रतिशत | सूचकको भार प्रतिशत |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० |
| २. | आर्थिक सामाजिक असमानता | | ५ |
| ३. | पूर्वाधार विकासको अवस्था | | १५ |
| | ३.१ सडकको घनत्व (सडकमा पहुँच) | ३५ | |
| | ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) | १५ | |
| | ३.३ सरसफाइ (शौचालयको उपलब्धता) | १५ | |
| | ३.४ शहरीकरणको अवस्था | १५ | |
| | ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) | १० | |
| | ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | १० | |
| ४. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ७० |
| | **जम्मा** | | **१००** |

**१.४** जनसङ्ख्याको आधारमा न्यूनतम अनुदानको गणना गर्दा संस्थागत जनसङ्ख्या बाहेकको जनसङ्ख्याको आधारमा गणना गर्ने।

**१.५** राष्ट्रिय योजना आयोगबाट प्रकाशित नेपाल मानव विकास प्रतिवेदन, २०२० मा स्थानीय तहगत मानव विकास सूचकाङ्क उल्लेख भएको नदेखिएकोले सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्कलाई आधार लिई स्थानीय तहको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी गणना गर्ने।

**१.६** वित्तीय समानीकरण अनुदान गणनाका लागि देहायका स्रोतहरुबाट उपलब्ध तथ्याङ्क प्रयोग गर्ने।

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | क्षेत्रफल (भूगोल) | नेपाल राजपत्र |
| ३. | मानव विकास सूचकाङ्क | नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| ४. | प्रदेश तथा स्थानीय सरकारहरुमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६) |
| ५. | पूर्वाधार विकास<br>५.१ सडकको घनत्व (सडकमा पहुँच)<br>५.२ विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>५.३ सूचना प्रविधिको सुविधा, (सूचना प्रविधिमा पहुँच)<br>५.४ खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>५.५ सरसफाइ (शौचालयको उपलब्धता)<br>५.६ शहरीकरणको अवस्था | ५.१ सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)<br>५.२ राष्ट्रिय जनगणना २०७८<br>५.३ राष्ट्रिय जनगणना २०७८<br>५.४ राष्ट्रिय जनगणना २०७८<br>५.५ राष्ट्रिय जनगणना २०७८<br>५.६ राष्ट्रिय जनगणना २०७८ |
| ६. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |
| ७. | कार्यसम्पादन मूल्याङ्कन सूचक | • महालेखा परीक्षकको कार्यालय<br>• अर्थ मन्त्रालय<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• वन तथा वातावरण मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• महालेखा नियन्त्रक कार्यालय<br>• राष्ट्रिय परीक्षा बोर्ड<br>• प्रदेश तथा स्थानीय सरकारहरु |

**१.७** सम्बन्धित सूचक र उपसूचकबीचको एकिकृत भार गणना विधि र प्रकृया आयोगबाट विभिन्न मितिमा वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग भए बमोजिम गर्ने।

## निर्णय नं. १०९

### विषयः आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा निर्धारण तथा तथ्याङ्कको स्रोत सम्बन्धमा।

१. माथि उल्लेखित विषयका सम्बन्धमा आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा देहाय बमोजिम निर्धारण गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार (प्रतिशतमा) | सूचकको भार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण | | ५५ |
| | १.१ कुल जनसङ्ख्या | ६० | |
| | १.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी) | ३० | |
| | १.३ अपाङ्गता भएको जनसङ्ख्या | १० | |
| २ | क्षेत्रफल | | १० |
| ३ | पूर्वाधार विकासको अवस्था | | २५ |
| | ३.१ सडकको घनत्व (सडकमा पहुँच) | ७५ | |
| | ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) | ५ | |
| | ३.३ सरसफाइ (शौचालयको उपलब्धता) | ५ | |
| | ३.४ शहरीकरणको अवस्था | ५ | |
| | ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) | ५ | |
| | ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | ५ | |
| ४ | वनले ढाकेको क्षेत्रफल/पर्यावरण | | १० |
| **जम्मा** | | | **१००** |

१.२ जनसङ्ख्या सूचकको आधारमा भार गणना गर्दा संस्थागत जनसङ्ख्या बाहेकको जनसङ्ख्याको आधारमा गणना गर्ने।

१.३ क्षेत्रफल सूचकको भार गणना गर्दा ३०० वर्ग किलोमिटरको अधिकतम सीमा कायम गरी गणना गर्ने।

१.४ पूर्वाधार विकासको अवस्था सूचक अन्तर्गत शहरीकरणको अवस्था उपसूचकको भार गणना गर्दा स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रका जनसङ्ख्यालाई शहरीकरणको अवस्थाको सूचक कायम गरी गणना गर्ने।

१.५ सम्बन्धित सूचक र उपसूचकबीचको एकिकृत भार गणना विधि र प्रकृया आयोगबाट विभिन्न मितिमा राजस्व बाँडफाँट र सवारी साधन कर बाँडफाँटको सिफारिसमा प्रयोग भए बमोजिम गर्ने।

१.६ बुँदा १.१ बमोजिम निर्धारित आधार र ढाँचा बमोजिम सवारी साधन कर बाँडफाँटको हिस्सा गणनाका लागि देहायका स्रोतहरुबाट उपलव्ध तथ्याङ्क प्रयोग गर्ने।

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | क्षेत्रफल (भूगोल) | नेपाल राजपत्र |
| ३. | पूर्वाधार विकासको अवस्था | |
| | ३.१ सडकको घनत्व (सडकमा पहुँच) | ३.१ सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८) |
| | ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) | ३.२ राष्ट्रिय जनगणना २०७८ |
| | ३.३ सरसफाइ (शौचालयको उपलब्धता) | ३.३ राष्ट्रिय जनगणना २०७८ |
| | ३.४ शहरीकरणको अवस्था | ३.४ राष्ट्रिय जनगणना २०७८ |
| | ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) | ३.५ राष्ट्रिय जनगणना २०७८ |
| | ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | ३.६ राष्ट्रिय जनगणना २०७८ |
| ४. | वनले ढाकेको क्षेत्रफल/पर्यावरण | वन तथा वातावरण मन्त्रालय |